# प्राकृतिक प्रकोप तथा महामारीबाट उत्पन्नपरिस्थितिबाटजोखिममा परेकाबिपन्नबर्गको लागिभौचर प्रणालिको प्रयोग मार्फत्खाधान्न राहत वितरण सम्बन्धिकार्यविधि,२०७७

**दिप्रुङचुइचुम्मा गाउपालिका**

**गाउं कार्यपालिकाको कार्यालय**

**याङसोलाटार, खोटाङ**

**प्रदेशनम्बर १, नेपाल**

**प्रस्तावना:** प्राकृतिक प्रकोप र महामारीको कारणले जनमानसमा ठूलो असरपर्ने गरेको छ ।जसले विपन्न तथा असंगठित क्षेत्रमा काम गरिरहेका व्यक्तिहरु वढी मार्कामा पर्ने गरेका छन् । साथै यी र यस्ता जोखिमहरुको सामना गर्नका लागी विपन्न तथा असंगठित क्षेत्रमा काम गरिरहेका व्यक्तिहरुको खाधान्नमा पहुँचको कमी र खाधान्नको खरिद गर्नमा असमर्थ रहेको पाईन्छ । यसले गर्दा उनी हरूको दैनिकी तथा हातमुख जोडनमा समस्या देखिएको हुनालेपर्न गएको त्यस्ताअसरहरुलाई न्युनिकरण गरी विपन्न तथा असंगठित क्षेत्रमा काम गरिरहेका व्यक्तिहरुको जिविकोपार्जनमा सुधार ल्याउन, नीजि सेवा प्रदायक मार्फत भौचर प्रणाली अपनाउदै गुणस्तरीय खाध्य सामग्री आपूर्ति सहितको सेवा प्रवाहगरी विपन्न तथा असंगठित क्षेत्रमा काम गरिरहेका व्यक्तिहरुको अधिकारलाई सुनिश्चित राख्न आवश्यक भएकोले दिप्रंङ चुइचुम्मा गाउपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गरि दिप्रंङ चुइचुम्मा गाउपालिकाको गाउं कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१)यस निर्देशिका को नाम "**प्राकृतिक प्रकोप तथा महामारीबाट उत्पन्नपरिस्थिति जोखिममा परेका बिपन्न बर्गको लागि भौचर प्रणालिको प्रयोग मार्फत खाधान्न राहत वितरण सम्बन्धि कार्यविधि**" रहने छ

(२) यो कार्यविधि दिप्रंङ चुइचुम्मा गाउपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि मा;

(क) “राहत” भन्नाले विपद्प्र भावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तु गत राहत सामग्रीलाई सम्झनुपर्छ ।

(ख) "निजी सेवा प्रदायक" भन्नाले भौचर प्रणाली अनुरुप लक्षित बर्गलाई गुणस्तरी य राहत सामग्री उपलब्ध गराउंने स्थानिय सप्लार्यस, सहकारी भन्ने सम्झनु पर्दछ ।

(ग) “संयोजक”भन्नाले समितिको संयोजक सम्झनुपर्छ।

(घ) "लक्षित वर्ग "भन्नाले विपन्न तथा असंगठित क्षेत्रमा काम गरिरहेका व्यक्ति, गरिव, बाढी पिडित, सुत्केरी, गर्भवती महिला, खान नपुग्ने घरपरिवारलाई सम्झनुपर्छ।

(ङ) “भौचर प्रणाली ” भन्नाले निजी सेवा प्रदायकले लक्षित वर्गलाई राहत उपलब्ध गराए बापत गाउपालिकाले उपलब्ध गराएको प्रमाणित कुपनका आधारमा निजी सेवा प्रदायकलाई रकम भुक्तानी गराउने प्रणालीलाई बुझिन्छ ।

(च) "वडा कार्यालय" भन्नाले कार्यक्रम संचालन गरिने स्थानीय तहको सम्बन्धित वडा कार्यालयलाई जनाउदछ ।

## परिच्छेद- २
## भौचर प्रणालीको उद्देश्य

**३. भौचर प्रणालीको उद्देश्य** : (१) भौचर प्रणाली अपनाउदा निम्न बमोजिमका फाईदाहरु हुनेछन्:

(क) वास्तविक लक्षित वर्गको पहिचानमा सहयोग गर्ने छ ।

(ख) राहत वितरण कार्यक्रमलाई प्रभावकारी तथा पारदर्शी बनाउंनमा सहयोग गर्दछ ।

(ग) भौचर प्रणाली को विकास हुन्छ ।

(घ) स्थानीय तहबाट नै भरपर्दो र दिगो सुलभ मूल्यमा गुणस्तरीय राहत सामग्री उपलब्ध गराउने छ ।

(ङ) लक्षित वर्गर स्थानीय सरकार बिचको सम्बन्धलाई सुमधुर बनाउने छ ।

(च) स्थानीय बजार र सेवा प्रदायकला ई पनि चलायमान गराउने छ ।

## परिच्छेद- घ
## लक्षित वर्ग पहिचान तथा अभिलेखीकरण र सेवा प्रदायकको पहिचान र छनौट

**४. लक्षित वर्ग पहिचान तथा अभिलेखीकरण** : (१) प्राकृतिक प्रकोप तथा महामारीबाट प्रभावित विपन्न तथा असंगठित क्षेत्रमा काम गरिरहेका व्यक्ति, गरिव, बाढीपिडित, सुत्केरी, गर्भबति महिला, खान नपुग्ने घरपरिवारलाई भौचर प्रणाली मार्फत राहत वितरणको लागिछनौट भएका वडाले त्यस्ता बर्गको पहिचान गरी सम्बन्धित गाउँपालिकामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरेको बिबरणको एकप्रति सम्बन्धित वडा कार्यालयमा अभिलेखको लागि सुरक्षित राखुपर्नेछ ।

**५.सेवा प्रदायकको पहिचान र छनोटः** (१) दिप्रंङ चुइचुम्मा गाउपालिका भित्र राहत बितरण कार्यलाइ प्रभावकारी रुपमा सञ्चालन गर्नस्थानीय रुपमा सञ्चालनमा आइरहेका नीजि सेवा प्रदायक(सप्लार्यस,सहकारी) लाई समेत प्रोत्साहित गर्न यस गाउपालिका क्षेत्रमा रहेकासेवा प्रदायकहरुको सुचि तयार पारी उनीहरु मार्फत राहत उपलव्ध गराउन राहत सामग्रीको कोटेसन (मुल्य सुचि) माग गरिनेछ।

(२) प्रकोप तथा महामारीको बेला हुन सक्ने कालो बजारीलाई ध्यानमा राखि प्रतिस्पर्धाका आधारमा गाउंपालिका मार्फत सेवा प्रदायकको छनौट गरिनेछ। उक्त सेवा प्रदायक प्यानमा दर्ता भएको हुन ु पर्नेछ, सेवा प्रदायकले सम्बन्धित वडा कार्यालयमा राहत सामाग्री पुयाउंन पर्ने छ ।

**६. सेवा प्रदायकहरुको पहिचान तथा मूल्य सुची माग : (१)**सेवा प्रदायकको पहिचान गरि कम्ति मा ४ वटा सेवा प्रदायकबाट मूल्य सुची संकलन गरिनेछ, ती ४ वटै सेवा प्रदायकबाट आयको मूल्य सुचीको आधारमा गाउपालिकामा गठित कोभिड १९ संक्रमण नियन्त्रण तथा रोकथाम कार्यदलले दर्ता भएको कोटेशनलाइं मुल्यांकनगरि सबै भन्दा कम मुल्य सुची राखेको सेवा प्रदायकलाई छनौट गरि गाउंपालिकाले राहत वितरणको लागि संझौता गर्ने छ । तर यसमा सेवा प्रदायकको क्षमता, आर्थिक कारोवारको स्थिति समेतको मुल्याकंन गरि कुन कोटेशन छनौट गर्ने सर्वाधिकार गाउंपालिकामा रहने छ ।

**७. राहत कुपन (वा भौचर) को निर्माण र बितरण**ः गाउंपालिकाले राहत बितरण कार्यलाइ प्रभावकारि रुपमा सञ्चालन र व्यवस्थित गर्नराहत प्याकेज सहितको कुपनको निर्माण गाउंपालिकाले गर्नेछ। वडाले पहिचान गरेका लक्षित वर्गलाइ भौचर उपलब्ध गराउनेछ । गाउंपालिकाले संझौता गरेका सप्लार्यसबाट लक्षित वर्गले कुपन दिएर राहत सामाग्री लैजानु पर्नेछ । लक्षित वर्गको सुविधालाई ध्यानमा राखेर गाउंपालिकाले यस्तो राहत कुपन एक पटक वा आवश्यकतानुसार एक भन्दा धेरै पटक पनि बितरण गर्न सक्नेछ।

## परिच्छेद- ४

## <u>बिबिध</u>

**<u>८. आर्थिक पक्ष :</u>** सेवा प्रदायकले बितरण गरेको सामग्रीको भुक्तानी राहत कुपनको आधारमा गाउंपालिका मार्फत गरिनेछ। सोको लागी सम्बन्धित सेवा प्रदायकले राहत बितरण भैसकेपछी संकलन भएका कुपन भुक्तानिको लागि निबेदन सहित गाउंपालिकामा पेश गर्नु पर्नेछ।

**<u>९. राहत भौचर वितरणको अभिलेख र प्रतिवेदन</u>** : (१) सम्बन्धित वडाले वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी सार्बजनिक गर्नुपर्नेछ र एक प्रति गाउंपालिका कार्यालयमा पठाउनु पर्नेछ.

**१०. <u>कारबाही सम्बन्धि व्यवस्था</u>**ः (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरि खाधान्न राहत लिनु वा दोहोरो राहत लिएको पाईएमा नियमानुसार कारबाही गरिनेछ

(२) यस कार्यविधिको प्रतिकूल हुने गरि राहत विवरणको लागि सिफारिश गर्ने पदाधिकारी लाई समेत प्रचलित कानून बमोजिम कारबाही गरि त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम गाउंपालिकाले निजबाट असुल गर्नुपर्ने छ ।

**११. <u>भुक्तानी</u>**ः सेवा प्रदायकलाई यस गाउंपालिकाले चेक मार्फत भुक्तानी दिनेछ । राहत सहयोग कार्यक्रम सकिए पछी खाधान्न भौचर सहित सेवा प्रदायकले गाउपालिकामा भुक्तानी निबेदन सहित भुक्तानी माग्नुपर्नेछ ।

**१२. <u>विशेष शर्त</u>**ः(१) कुपन (वा भौचर) मा उल्लेखित राहत सामाग्री मात्रराहत बापत उपलब्ध हुनेछ| (२) कुपन वा भौचरमातोकिएको दिनराहत सामान लिइसकेको हुनुपर्नेछ

**१३. <u>प्रचलित कानुन बमोजिम हुने</u>**ः यस निर्देशिकामा जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, यस गाउंपालिकाको आर्थिक ऐन, नियमावली, मापदण्ड, निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

**१४. <u>संसोधन र खारेजी</u>**ः यस निर्देशिकालाई गाउँपालिकाले आवश्यकता अनुसार संसोधन तथा खारेजी गर्न सक्नेछ।

## अनुसुचि १

### (दफा ४ (१) सँग सम्बन्धित )

### अभिलेखको ढाँचा

**राहत (खाध्य सामाग्री भौचर) प्राप्त गर्ने व्यक्ति को विवरण**

१। नाम थरः  २. स्थाई ठेगानाः  ३. हालको ठेगानाः

४। बाबुको नामः  ५.  आमाको नामः

६। टेलिफोन वा मोबाइल नम्बर

७। दैनिक ज्यालादारीमा काम गर्ने भए कार्यरत स्थानः

८। काम गर्ने संस्था को विवरण

९। पेश गरेको कागजात को विवरण (कम्तिमा कुनै एक कागजात संलग्न गर्नपर्ने )

क। नेपाली नागरिकता को प्रमाणपत्र को प्रतिलिपि वा

ख। बिपन्न घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग। सवारी चालक अनुमति पत्र को प्रतिलिपि वा

घ। राहत को लागि .......नगरपालिका ले वितरण गरेको अस्थाई परिचय पत्र

ङ। अन्य :

१०।राहत लिने व्यक्तिको स्वः घोसणाः

मा र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् | मैले यस्तो राहत सुबिधा दोहोरो लिएको छैन र लिने पनि छैन | माथि पेश गरेको विवरण ठीक साचो हो व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउला |

निवेदक :-  औठाको छाप

दस्तखत :

मितिः

| दाँया | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी :-  स्थानीय तहको नामः

दस्तखतः  वडा न. :

नामः  पदः

मिति :

# अनुसुचि २

## ......पालिका

## वडा न .....कार्यालय :......

भौचर प्रणाली मार्फत राहत वितरण कार्यक्रममा सहभागी व्यक्तिहरुको विवरणको अभिलेख

| क्र.स . | राहत प्राप्त गर्ने व्यक्ति को नाम | ठेगाना तथा टेलिफोन न | बाबुको नाम | बाजे को नाम | भौचर वा कुपन मा उल्लेखित राहत को विवरण | राहत बुझिलिने को दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखतः

नाम थर

टेलिफोन नः

# अनुसूची ३

## भौचर वितरण गरिए पश्चात कार्यालयमा राखिने रेकर्डको नमूना

गाउँपालिकको नामः वडा नः

| सि नं | लक्षित वर्गको नाम थर | परिचयपत्र नम्बर | वितरित भौचरको सिरियल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | थान | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ४

## छनौट भएका निजी सेवा प्रदायकहरूको कार्यालयमा अनिवार्यरूपमा राखिने विवरणको नमूना

| सि नं | निजी सेवा प्रदायकको नाम थर र ठेगाना | दर्ता न. | पान न. | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १. | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची ५

भौचरको नमूना

| | |
|---|---|
| अधकट्टी | मुख्य भौचर कार्ड |

<table>
<tr><td>सिरियल नं :०१</td><td rowspan="4">गाउपालिका को छाप<br><br>हस्ताक्षर<br>...........<br>सदस्य सचिब<br>(कृषि बिकास समिति)</td><td colspan="2">खाधान्न राहत सामाग्री भौचर</td></tr>
<tr><td rowspan="4"></td><td>भौचर कार्ड को म्याद</td><td>मिति : २०७७/०१/<br>देखि ............सम्म</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td colspan="2">यो भौचर दिप्रंङचुङचुम्मा गाउपालिकाको वडा नं ....... का .....गरिब ,सुत्केरी तथा बिपन्न व्यक्तिहरुमा उपलब्ध भौचर कार्ड मार्फत् खाधान्न प्रदान गर्दा को लागि मात्र प्रयोग हुने छ ।</td></tr>
<tr><td colspan="3">खाधान्नराहतसामग्रीको बिबरणः<br>-मन्सुली चामल २५ के.जी.<br>-मुसुरी दाल २ के.जी.<br>-सनफ्लावर तेल १ लिटर<br>-आयोडिन नुन १ के.जी.<br>-डिटोल साबुन १ वटा</td></tr>
</table>

## अनुसूची ६

## निजि सेवा प्रदायकहरुले भौचर को भुक्तानी लिन आउदा दिनुपर्ने निबेदन को ढाचा

श्री कार्यकारी प्रमुख ज्यु ,

....नगरपालिका को कार्यालय

बिषय : कृषि सामाग्री उपलब्ध गरेको रकम भुक्तानी पाउँ भन्ने बारे ।

उपरोक्त बिषय मा मैले ......गाउ/नगरपालिका को वडा नं ........., ..., ... का ..........प्रकोपबाट प्रभावित कृषकहरुको आवस्यकता को आधार मा २०७७ ...महिना मा प्रदान गरेको कृषि सामाग्री र प्राबिधिक सेवा को लागि तपशिल अनुसार को रकम भुक्तानी को लागि आवस्यक कागजात र सेवा प्रबाह को बखत संकलित भौचर समेत यसै साथ संलग्न राखी पेश गरेकाले भुक्तानी पाउन अनुरोध गर्छु |

**तपशिल**

| सिनं | कृषकको बिबरण | | उपलब्ध गरेको कृषि सेवा /सामाग्री को बिबरण | इकाई | परिमाण | दर | जम्मा मूल्य रु | भुक्तानी हुने रकम रु | भौचर को मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | कृषकको नाम | भौचर न. | | | | | | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

**<u>संलग्न कागजातहरु</u> :**

**भौचर — थान ..............**

**बिल थान ....................**

**सेवा प्रदायकको (एग्रोभेट, सहकारी फार्म, नर्सरी) को छाप ............**

**(सहि ........................)**

**(सेवा दिनेको नाम ..................)**